# आठविसकोट नगरपालिका

## रुकुम (पश्चिम भाग) को

# नीति तथा कार्यक्रम

२०८२/०८३

नगर सभाको बैठकमा मिति २०८२ साल असार १० गते मंगलवार
नगर प्रमुख श्री रवि के.सी. द्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८२/०८३ को
# नीति तथा कार्यक्रम

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम भाग), कर्णाली प्रदेश नेपाल
२०८२

**<u>आठविसकोट नगर सभाका सदस्य ज्यूहरु,</u>**

१. आठविसकोट नगरपालिका, रुकुम (पश्चिम भाग)को गरिमामय संस्था आठविसकोट नगर सभामा आ. व. २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

२. यस अवसरमा नेपालको स्वाधिनता, स्वतन्त्रता र परिवर्तनका लागि पटकपटक भएका **जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, कर्णाली प्रदेश स्थापना लगाएतका विभिन्न जनसङ्घर्षमा** शहादत प्राप्त गर्ने महान शहीदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। बेपत्ता पारिएका योद्धाहरुको विशेष स्मरण गर्दै घाइते अपाङ्गता भएका योद्धाहरुप्रति विशेष सम्मान प्रकट गर्दछु। राजनैतिक आन्दोलनमा अहम् भूमिका खेल्ने परिवर्तनकारी जनसमुदाय तथा त्यसको अगुवाई गर्ने नेतृत्व वर्गमा उच्च सम्मान तथा योगदानको कदर गर्दछु।

३. जाजरकोट भूकम्पका कारण ज्यान गुमाउने नगरवासीहरु प्रति पुन: श्रद्वासुमन व्यक्त गर्दछु। घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। भूकम्पका क्रममा उद्धार तथा राहत वितरणमा खटिनु हुने सबैमा पुन: हार्दिक आभार प्रकट गर्दै क्षतिग्रस्त सार्वजनिक तथा नीजि संरचनाको विस्तृत क्षति आँकलन (DDA) गर्ने कार्यमा खटिने कर्मचारीहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

४. सामाजिक र भौतिक विकास गर्दै सुशासन र सामाजिक न्यायसहितको समाजवाद स्थापनाको आधार तयार गर्न आवश्यक पर्ने आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणका लागि विशेष गरी जाजरकोट भूकम्पबाट क्षतिग्रस्त विस्तृत क्षति आँकलन (DDA) सम्पन्न भएका सार्वजनिक तथा नीजि आवासहरुको पुनर्निर्माण, उत्पादन र उत्पादकत्वमा वृद्धि, बजारीकरण, उद्यमशीलताको विकास, रोजगारी सिर्जना तथा सामाजिक न्याय र गरिबी न्युनिकरणका क्रियाकलापमा यो नीति तथा कार्यक्रम केन्द्रित रहेको छ।

५. नेपालको संविधान प्रदत्त मौलिक हक, राज्यका नीति तथा निर्देशक सिद्दान्तहरु, नेपाल सरकारको १६ औं योजना, कर्णाली प्रदेशको दोस्रो आवधिक योजना, दीगो विकासका लक्ष्यहरु, नेपालले अन्तराष्ट्रिय मञ्चमा गरेका प्रतिबद्वताहरु र आठविसकोट नगरपालिकाका विगत वर्षका सफल नीति तथा कार्यक्रमहरु, मध्यकालिन खर्च संरचना एवम् संघ तथा कर्णाली प्रदेश सरकारको आ.व. २०८२/०८३ को बजेट, नीति तथा कार्यक्रमलाई मैले यस नीति तथा कार्यक्रमको मार्गदर्शनका रुपमा लिएको छु।

**<u>उपस्थित नगर सभाका सदस्य ज्यूहरु,</u>**

६. जाजरकोट भूकम्पको कारण क्षतिग्रस्त सार्वजनिक तथा नीजि भौतिक सम्पत्तिको विस्तृत क्षति आँकलन (DDA) को प्रतिवेदनका आधारमा पुनर्निर्माण सम्बन्धी कार्य संघीय सरकार/प्रदेश सरकार र विभिन्न गैर सरकारी संघसंस्थाको समन्वय र सहकार्यमा यसै आ.व. मा तीव्र गतिमा सुरु गरिनेछ। साथै, विस्तृत क्षति आँकलन (DDA) गर्न छुटेका, DDA सम्पन्न भएर पनि पुनर्निर्माणमा नपरेका नीजि आवासहरुको पुन:विस्तृत क्षति आँकलन (DDA) गर्ने व्यस्था मिलाइने छ। विस्तृत क्षति आँकलन (DDA) गरी प्रतिवेदनका आधारमा भूकम्पबाट क्षतिग्रस्त नीजि संरचनाहरुको पुनर्निर्माण सम्बन्धी कार्य प्राथमिकताका साथ अघि बढाइनेछ। साथै, सार्वजनिक निर्माण कार्यमा समेत जोड दिइने छ।

७. पुनर्निर्माण सम्बन्धी कार्यमा स्थानीय स्तरको निर्माण सामग्रीको प्रयोगलाई प्रोत्साहित गरिने छ। युवाहरुलाई इन्टरलक इट्टा, ढुङ्गा कटिङ्ग, काष्ठकला लगायतका पुनर्निर्माण सम्बन्धी सामग्री उत्पादन तथा पुनर्निर्माणमा जोड दिन **"युवा लक्षित कार्यक्रम"** मार्फत उचित अनुदानको व्यवस्था गरिने छ। पुनर्निर्माण तथा नीजि प्रयासमा निर्माण गरिएका नगरवासीहरुको आवासलाई सुरक्षित बनाउन **घर विमा कार्यक्रम** सञ्चालन गरिने छ।

**<u>नगर सभाका सदस्य ज्यूहरु,</u>**

८. निर्वाहमूखी कृषिलाई आधुनिक र व्यवसायिक बनाउँदै कृषि उपजमा यस नगरपालिकालाई आत्मनिर्भर तुल्याउन यान्त्रिकरण, उत्पादनमा वृद्धि, बजारीकरण प्रवर्द्धनमा जोड दिइने छ । कृषि उपजलाई विमा मार्फत आकस्मिक क्षतिबाट रक्षा गर्न र न्युनतम समर्थन मूल्यमा आधारित अग्रिम कृषि उपज खरिद सम्झौता गरि व्यावसायिक जोखिमको सम्वोधन र बजार सुनिश्चितता गरिने छ ।

९. **"बसोवास गाउँमा : भविष्य आफ्नै ठाउँमा"** भन्ने मुल नाराको साथ व्यवसायिक युवा लक्षित कार्यक्रम सञ्चालन गरिने छ । फलफुल खेति उत्पादन र प्रर्वद्धनको लागि **"एक गाउँ एक व्यवसायिक फलफुल बगैंचा र एक पालिका एक फलफुल नर्सरी स्थापना"** कार्यक्रम सञ्चालन गरिने छ । कृषि उत्पादन बिक्रिको सुनिश्चितता र निर्मित कृषि संरचनाको उपयोगको लागि प्रत्येक वडामा **"कृषि उपज संकलन केन्द्र"** निर्माण गरिने छ भने हप्तामा एकपटक राडिबजारमा हाटबजार सञ्चालन गरिने छ ।

१०. **"आठविसकोटको कृषि उत्पादन, कृषकहरुलाई प्रोत्साहन"** भन्ने मान्यताका साथ आठविसकोटका कृषि पेशामा संग्लग्न कृषक, कृषि फर्म, कृषक समूह, कम्पनी र सहकारीलाई उत्पादन परिणाम, सङ्कलन, ढुवानी तथा बजारीकरणमा प्रोत्साहनको व्यवस्था गरिने छ । १ नं वडाको बारिङ्गे र बन्चरे, छिमी, गैरीपातलमा स्याउ खेतीलाई अगाडी बढाइने छ ।

११. नगरपालिकाको भौगोलिक अवस्था र पानीको स्रोतको आधारमा स्थानीय, प्रदेश र संघ सरकारको सहकार्यमा उपयुक्त सिचाई प्रविधि मार्फत वर्षैभरी सिचाई सुविधा उपलव्ध गराइने छ । कृषि क्षेत्रको दिगो विकासको लागि धान, गहुँ, मकै, तरकारी र मसला वालिहरुको वीउ वृद्धि गर्ने तथा उत्पादन वृहत क्षेत्र, पकेट विकास कार्यक्रम सञ्चालन गर्दै उत्पादनमा सहभागी इच्छुक कृषक, कृषि फर्म, कृषि उद्यमी, कृषक समूह सहकारीमा स्थानीय, प्रदेश र संघीय सरकारको सहकार्यमा पकेट, व्लक विकास कार्यक्रम संचालन गरिने छ ।

१२. कृषकहरुलाई सम्मान र कृषि पेशालाई मर्यादित वनाउनको लागि उत्कृष्ठ कृषक, समुह र सहकारीलाई मेयर उत्कृष्ट कृषि पुरस्कार तथा किसान सूचिकरण प्रणालीमा आवद्ध गर्ने व्यवस्था गरिने छ । "**प्राङ्गारिक उत्पादनमा वृद्धि आठविसकोट नगरपालिकाको समृद्धि**" भन्ने नाराको साथ प्राङ्गारिक मल, गोठेमल, जैविक विषादि उत्पादनमा तालिम तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ । **"आठविसकोटमा उत्पादन र उत्पादकत्वमा वृद्धि, कृषिमा समृद्धि"** भन्ने मुल मान्यताका साथ खाद्यान्न वाली, तरकारीको वीउ प्रतिस्थापन दरमा वृद्धि गर्नको लागि उन्नत वीउ, मुल वीउ, तरकारीको वीउ तथा फलफुलको विरुवा वितरणमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिने छ । सिलागाउँ लगायतका ठाउँमा सुन्तला र वडा नं. ११, १२, १०, २ र १ मा किवी खेतीलाई बढावा दिइने छ ।

१३. पशुपालन व्यवसायलाई व्यवसायीकरण, आधुनिकिकरण, विविधिकरण, यान्त्रिकरण गरी आयात प्रर्तिस्थापन गर्ने, आत्मनिर्भर हुदै खसी बोका, लोकल कुखुरा र दुग्धजन्य पदार्थको निर्यात दर बढाउन, रोजगारी सिर्जना गर्दै पशुपालन व्यवसायलाई सम्मानित पेशाको रुपमा विकास गरिने छ । पशुपालन पकेट क्षेत्रको स्थापना गरी पशुपन्छी श्रोतकेन्द्रको रुपमा विकास गर्ने साथै पशुपन्छी तथा पशुपन्छीजन्य वस्तुहरु दुध, फुल, मासुको उत्पादनमा वृद्धि गरिने छ । व्यवसायिक पशुपालन क्षेत्रमा युवाको आकर्षण बढाउन, पुराना फार्मको सुरक्षा तथा नयाँ फार्मको स्थापना र विस्तारमा उत्प्रेरित गर्न **"नगर प्रमुख युवा लक्षित फार्म प्रबर्द्धन कार्यक्रम"** लाई निरन्तरता र नयाँ विस्तार गरिदै लगिने छ ।

१४. पशुपन्छीमा फैलिने महामारी रोगहरुको उपचारका लागि उपचार सेवामा तत्काल आवश्यक औषधीसहित पशु स्वास्थ्य प्राविधिकहरुलाई परिचालन गरिने छ । पशु आहारा सुधार गर्न तथा उत्पादनमा लागत कम गराउन स्थानीय स्तरमा दाना बनाई प्रयोग गराउने घाँस खेती, घाँसको श्रोत विस्तार गर्न घाँसको नर्सरी व्यवस्थापन गर्ने जस्ता कार्यक्रमलाई जोड दिईने छ ।

**<u>नगर सभाका सदस्य ज्यूहरु,</u>**

१५. शिक्षा क्षेत्रको विकासका लागि सबैलाई जिम्मेवार बनाइनेछ। विद्यालय तहको शिक्षाको व्यवस्थापनका लागि छुट्टै नगर शिक्षा विकास कोष विकास गरिने छ। भुकम्प पश्चात पुनर्निर्माणका लागि संघीय सरकार प्रदेश सरकार लगायत विभिन्न सरोकारवाला संघ सस्थाहरु बीचमा सहकार्य गरी द्रुत रुपमा भवन निर्माण लगायतका कार्यमा जोड गरिने छ। जसबाट बालबालिकाको सिकाइ निरन्तरताका लागि विद्यालयमा पठनपाठनको उचित वातावरण बनाइने छ। सामुदायिक विद्यालयका शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिलाई क्षमता अभिवृद्धि तालिम दिइने छ। विद्यालय तहमा योग शिक्षा सुरुवात गरिने छ।

१६. सिर्जनशिल, इमान्दार, जिम्मेवार अनुशासितलाई पुरस्कार र खराबलाई दण्डको निति अवलम्बन गरिने छ। उत्कृट काम गर्ने शिक्षक तथा कर्मचारीहरुलाई वार्षिक रुपमा सम्मान गरिने छ। कार्य सम्पादन न्युन भएका गैर जिम्मेवार पदिय जिम्मेवारी दायित्व आचरण विपरित कार्य गर्ने शिक्षक तथा कर्मचारीलाई दण्डित गर्ने नीति लिइने छ।

१७. विद्यालय शिक्षाको आधारको स्तम्भको रुपमा रहेको प्रारम्भिक बालविकास केन्द्रलाई स्रोत साधनयुक्त बनाइने छ। जसको लागि बालबिकास केन्द्रमा अध्यापनरत शिक्षकहरुको क्षमता विकास तालिम संचालन गरी थप स्रोत साधनयुक्त प्रविधिमैत्री बालविकास केन्द्र संचालन गरिने व्यवस्था गरिने छ।

१८. विद्यार्थीको अन्तर्निहित प्रतिभाको प्रष्फुटन गराउने वातावरण सिर्जना गरिने छ। जसको लागि प्रतिभा पहिचान पढाइ मेला लगायत कार्यक्रम तर्जुमा गरी लागु गरिने छ।

१९. नगरपालिका भरी संचालित विद्यालयहरुमा संचालित कक्षा शिक्षकको दक्षता पूर्वाधार विकास सिकाइ अवस्था समेतका आधारमा अगुवा विद्यालय तोकि सेवा क्षेत्रका अन्य विद्यालयहरुसंगको शैक्षिक अवस्था सुधारका लागि समेत सहकार्य र समन्वय मार्फत जिम्मेवार बनाइने छ।

२०. विद्यालयमा विद्यार्थीलाई **"ल्याउने, सिकाउने, टिकाउने"** वातावरण सिर्जना गरिने छ। जसको लागि विपन्न, टुहुरा तथा जेहेन्दार छात्रवृत्ति कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ।

२१. हरेक सामुदायिक विद्यालयका शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाइने छ। बालबालिकाहरुको गुणस्तीय, प्रविधिमैत्री र पहुँचयोग्य सिकाइको सुनिश्चितता गर्न सामुदायिक विद्यालयहरुको भौतिक तथा शैक्षिक पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइने छ। हरेक विद्यालयलाइ पूर्वाधारयुक्त विद्यालय बनाउने कार्यमा जोड दिइ सिकाइमा गुणस्तर सुनिश्चित गरिने छ।

२२. अति विपन्न दलित गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि आर्थिक अवस्थाका शिक्षण सिकाइमा सहभागि हुन नसकेकाहरुका लागी "**नगर प्रमुख विद्यार्थी सहायता कोष**" स्थापना गरिने छ।

२३. विद्यालयको पठनपाठन कार्य योजनावद्ध रुपमा सञ्चालन गर्न स्पष्ट मापदण्ड निर्माण गरिने छ। जसको लागि हरेक विद्यालयमा पाठयक्रम, शिक्षक निर्देशिका, पाठयोजना आदिका आधारमा पठनपाठन कार्य सञ्चालनका लागि आवश्यक व्यवस्था गरिने छ।

२४. दिवा खाजा कार्यक्रमलाइ थप प्रभावकारी बनाइने छ। विद्यालयको क्षेत्रमा "**जङ्क फुड बन्देज** गरि **जङ्क फुड निषेध अभियान"** संचालन गरिने छ।। सामुदायिक विद्यालयमा अभिभावकको सक्रिय सहभागिताको सुनिश्चितता गरिने छ। जसको लागि **"म बनाउछु मेरो विद्यालय"** अभियान प्रभावकारी रुपमा लागू गरि अभिभावकको सक्रिय सहभागगिता सुनिश्चितता गरिने छ। विद्यालयमा सुरक्षित, मर्यादित शैक्षिक गुणस्तरीय वातावरणीय निर्माण गरिने छ।

२५. प्रधानाध्यापकको नेतृत्वको पुनरावलोकन गरिने छ । जसको लागि प्रतिष्पर्धावाट प्रधानाध्यापक नियुक्ति गरी क्षमता विकास तालिम संचालन गरिने छ । विद्यार्थी संख्या अधिक र शिक्षक संख्या न्युन भएका विद्यालयहरुमा नगर शिक्षक परिचालन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

२६. नगरपालिका समग्र युवा/विद्यार्थीको विकासका लागि "**नगर उप प्रमुखसँग विद्यार्थी कार्यक्रम**" सञ्चालन गरिने छ । गरिब विपन्न तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षासम्म पहुँचको व्यवस्था गरिने छ । जसको लागि छात्रवृतिको व्यवस्था गरिने छ । "**पढ्दै कमाउदै कार्यक्रम**"लाई हरेक माध्यमिक विद्यालयमा प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । उच्च शिक्षामा अध्ययनरत छात्राहरुको लागि "**नगर उपप्रमुखसँग छोरी बुहारी छात्रवृत्ति कार्यक्रम**" संचालन गरिने छ ।

२७. सेनेटरी प्याडको प्रयोगलाइ थप प्रभावकारी बननाउन स्थानीय स्तरमा प्याड निर्माणको लागि आवश्यक संयन्त्र तयार गरि कार्यान्वयमा ल्याइने छ ।

२८. उच्च शिक्षाको केन्द्र राडिज्यूला क्याम्पसलाई कार्यविधी बनाई आर्थिक अनुदान दिइने छ ।

२९. आठविसकोट नगरपालिकाको भौगोलिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रको चिनारीको लागि बनेको "**मेरो आठविसकोट**" नामक स्थानीय पाठ्यपुस्तक अनिर्वाय सबै विद्यालयहमा निशुल्क प्रदान गरिने छ ।

३०. विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि नियमित अनुगमन मुल्याङ्कन र प्रतिवेदन गर्ने कार्यलाइ थप तथ्यपरक, बस्तुपरक र वैज्ञानिक बनाइने छ । विद्यालय सञ्चालनको उपयुक्त मापदण्डलाई कार्यान्वयन गर्न र गुणस्तरीय शिक्षण सिकाई क्रियाकलाप गर्न/गराउन विद्यालय अनुगमन प्रतिवेदनका आधारमा विद्यालर्थी संख्या, भौगोलिक दुरीलाई अध्ययन गरी आवश्यकताअनुसार विद्यालय मर्ज/समायोजन गरिने छ । विद्यालयका भौतिक पूर्वाधार निर्माण लगायतका कार्य गर्न विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने मापदण्ड तथा आवश्यकताका आधारमा सामुदायिक विद्यालयको जग्गा प्राप्ति गर्ने नीति अवलम्वन गरिने छ । सामुदायिक विद्यालयहरुमा शिक्षक व्यव्थापनमा विद्यार्थी संख्या, भौगोलिक विकटता शिक्षकको उपलब्धता हेरेर अनुदान दिइने छ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

३१. नेपालको संविधान प्रदत्त आधारभुत स्वास्थ्य सेवाहरु सम्पूर्ण नगरवासीहरुलाई गुणस्तरीय रुपमा निःशुल्क प्रदान गरिने छ । स्यालाखदी स्वास्थ्य चौकीबाट चिकित्सकीय सेवा उपलब्ध गराउने गरी दुर चिकित्सा सेवा (Telemedicine) विस्तार गरिने छ । साथै दुर चिकित्साको माध्यमद्वारा नगर अस्पतालबाट विशेषज्ञ सेवा उपलब्ध गराउने गरी प्रदेश अस्पतालसँग समन्वय गरिने छ । हाल नगर अस्पताल र गोतामकोट स्वास्थ्य चौकीबाट सञ्चालन भैरहेको सुरक्षित गर्भपतन सेवालाई अन्य संस्थामा पनि विस्तार गरिने छ ।

३२. ६५ वर्ष माथिका ज्येष्ठ नागरिकलाई आठविसकोट नगर अस्पतालबाट उपचारात्मक सेवामा लाग्ने शुल्कबाट ५० प्रतिशत छुट गरिने छ । आठविसकोट नगर अस्पतालमा सामाजिक सुरक्षा कोषको स्थापना गरी गरीव तथा विपन्न वर्गका विरामीलाई छुट सहुलियतको ब्यवस्था गरिने छ । महिला स्वास्थ्य स्वयम्सेविकाहरुको योगदानको कदर गर्दै प्रोत्साहन गरिने छ ।

३३. गर्भवती र ४२ दिनभित्रको सुत्केरीहरुलाई नगर अस्पतालसम्म ल्याउन निःशुल्क एम्वुलेन्स सेवा प्रदान गरिने छ । जसको निम्ति आवश्यक बजेटको व्यवस्था गरिने छ । नागरिक आरोग्य केन्द्रबाट दिईने सेवालाई थप व्यवस्थित बनाउन आवश्यक बजेटको व्यवस्था गरिने छ । अति विपन्न, शहिद तथा वेपत्ता परिवार र राष्ट्रिय स्तरका खेलाडीका परिवारका सदस्यलाई नगरपालिकाले गरिदिने स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

३४. नसर्ने रोगको भारलाई मध्यनजर गर्दै प्रवर्द्धनात्मक तथा जीवनशैली परिवर्तनका लागि योग शिक्षा, योगाहल, नसर्ने रोगको स्कृनिङ तथा सचेतनामूलक कार्यक्रम संचालन गरिने छ । सेवाको पहुँच पुग्न नसकेका आम नागरिकहरुलाई समेट्ने गरी एकिकृत बृहत स्वास्थ्य शिविर संचालन गरिने छ । **क्षयरोगमुक्त पालिका अभियान कार्यक्रम**लाई निरन्तरता दिईनुका साथै थप व्यवस्थित र प्रभावकारी बनाइने छ ।

३५. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक सेवाको लागि आवश्यक बजेट व्यवस्थापन, स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, जनशक्ति व्यवस्थापन, स्वास्थ्य संस्थाको नियमित अनुगमन मूल्याङकनको लागि आवश्यक बजेट गरिने छ । साथै भौतिक पूर्वाधार निर्माण र आवश्यक उपकरणको व्यवस्थापन गरिने छ । आठविसकोट नगर अस्पतालबाट पोष्टमार्टम सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था गरिने छ ।

३६. आकस्मिक अवस्थामा आवश्यक पर्ने रगत लिने/दिने व्यवस्था मिलाउनका लागि सम्पूर्ण नागरिकहरुको रक्त समुह पहिचान गरिने छ । राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाको भूमिकालाई थप प्रभावकारी बनाउन प्रोत्साहन भ्रमणको व्यवस्था गरिने छ ।

३७. प्रत्येक स्वास्थ्य आमा समूहमा गई पोषण विशेष अभिमुखीकरण तथा पोषण स्थितिको लेखाजोखा गरिने छ । आ.व. २०८२/०८३ भित्रमा नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री संस्था बनाउनका लागि आवश्यक प्रक्रिया अगाडी बढाईने छ । गर्भवती र सुत्केरी महिलाहरुलाई "नगर उपप्रमुख पोषण कोशेली कार्यक्रम" सञ्चालन गरिने छ ।

३८. जनतामा स्वास्थ्य चेतना जगाउन र स्वास्थ्य प्रवर्द्धन गर्न समुदाय स्तरीय र सामाजिक सञ्जाल लगायत अन्य सञ्चार माध्यमद्वारा स्वास्थ्य शिक्षा सम्बन्धी कार्यक्रमहरु चलाईने छ । स्वास्थ्य क्षेत्रका दिगो विकास लक्ष्यसँग हालको प्रगति मुल्याङ्कन गर्न घरधुरी सर्वेक्षण गर्ने र अन्य स्वास्थ्य अनुसन्धानका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

३९. नगरपालिका क्षेत्रमा निर्माण गरिने विकास निर्माणका कार्यहरुको गुणस्तर सुनिश्चिता गरिने छ । निर्माण भएका संरचनाको दीगोपना र गुणस्तर सुनिश्चितताका लागि ल्याव परिक्षणलाई अनिवार्य बनाइने छ । प्रयोगकर्ता मैत्री पूर्वाधार निर्माण कार्यमा जोड दिइने छ ।

४०. नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि आवश्यक प्रबन्ध मिलाइने छ । यस वर्ष १, २, ७, १३ र १४ नं वडामा आफ्नै वडा कार्यालय भवनबाट सेवा प्रवाह हुने व्यवस्था मिलाइने छ भने ३, ५ र १० नं वडाको कार्यालय भवन यसै वर्ष निर्माण सम्पन्न गरिने छ । थप अन्य वडाहरुका कार्यालयहरुको भवन निर्माणका लागि संघ र प्रदेश सरकारसँग अनुरोध गरिने छ । इलाका प्रहरी कार्यालय राडीको भवन निर्माणका लागि पहल गरिने छ ।

४१. नगरपालिकाको प्रमुख बजारक्षेत्र राडीको बाँकी भाग तथा सिमबजार क्षेत्रमा सडक कालोपत्रे गरिने छ । त्रिवेणी-छिमि पर्यटन पूर्वाधार निर्माण यसै वर्ष सुरु गरिने छ । नगरपालिका क्षेत्रमा रहेका टेलिफोन टावरहरुको क्षमता अभिवृद्धि गरिने छ ।

४२. नगरपालिकाको यातायात गुरुयोजना (MTMP) निर्माण गरि कार्यान्वयनमा ल्याईने छ । सो अनुसार प्राथमिकीकरण गरिएका सडकहरुको विस्तार एवं स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईने छ । निर्माण भएका सडकहरुको लगत कट्टा गरि व्यवस्थित गरिने छ । नगरपालिकाका सबै वडाहरुको केन्द्रलाई सडक सञ्जालमा जोडिने छ । सडक पुल निर्माण तथा सडकको स्तरोन्नती गरी बाह्रै महिना सञ्चालन हुने व्यवस्था मिलाइने छ । सडक नपुगेका पाटागाउँ, काँडादह, हम्पा र खापे लगायतका गाउँबस्तीहरुमा यसै वर्ष सडक पुऱ्याइने छ । संघ तथा प्रदेश सरकारसँगको सहयोगमा राप्ति राजमार्ग अन्तरगत नदुवा-स्याला-साझेबगरसम्म सडक स्तरोन्नती तथा राडी-दाजे–खदी

सडक, खदी-बारिङ्गे सडक र साझेबगर देखि नयाँडाँडा सडकको ट्याक ओपन गर्न संघ तथा प्रदेश सरकारलाई अनुरोध गरिने छ।

४३. भूमिहिन दलित, सुकुम्बासी अव्यवस्थित बसोवासीको व्यवस्थापन गरिने छ । भूमिको नापजाँच र तथ्याङ्क व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग गरिने छ। भूमिको उचित प्रयोग गर्न भू उपयोग कार्ययोजना कार्यान्वयन गरिने छ। सार्वजनिक क्षेत्रका जग्गाहरुलाई नगरपालिकाको स्वामित्वमा ल्याउन आवश्यक पहल गरिने छ।

४४. नगरपालिकाका सबै वडा/बस्तीहरुमा विद्युतको केन्द्रिय लाईन विस्तार गरिने छ । नगरपालिका क्षेत्रमा रहेका लघु जलविद्युत आयोजनाहरु मर्मतसम्भार गरि सञ्चालनमा ल्याइने छ।

४५. जलउत्पन्न विपद् तथा नदी कटानका कारण जोखिममा रहेका ठुलोभेरी नदी तथा अन्य नदी/खोला किनाराहरुमा रहेका मानव बस्ती तथा कृषियोग्य जमिन तथा सडक पूर्वाधारको संरक्षण गर्न तटबन्धन निर्माण तथा बायो इन्जिनियरिङ्गको कार्य गरिने छ।

४६. नगरपालिका क्षेत्रमा निर्माण हुने घरहरुमा अनिवार्य नक्सापास गर्ने नीतिलाई निरन्तरता दिइने छ। पुनर्निर्माण अन्तरगत बन्ने कच्चीघरहरुको समेत नक्सापास गर्ने व्यवस्था मिलाईने छ। नगरपालिका क्षेत्रमा नक्सापास नगरी निर्माण भएका घरहरुको अभिलेखिकरण गरि तथ्याङ्क अद्यावधिक गरिने छ।

४७. पूर्वाधार विकासका आयोजनाहरु संचालन गर्दा लागत लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी **"आयोजना बैंक"** तयार गरिने छ र सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइने छ। योजना सम्झौता र भुक्तानी प्रणालीलाई अनलाइन प्रणालीमा आवद्ध गरिने छ।

४८. स्थानीय विकासको लक्ष्य हासिल गर्न स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लगायत अन्य कार्यक्रमसँग समन्वय, सहकार्य र साझेदारीको अवधारणा मार्फत विकास निर्माण प्रक्रियामा सह-लगानी ( Co-Finance) को नीति अवलम्बन गरिने छ । स्थानीय पुर्वाधार विकास प्रक्रियामा सुधारिएको विधि अवलम्बन गरिने छ।

४९. हरित पुर्नलाभ तथा समावेशी विकास पद्धति (GRID Approach) को पूर्णरुपमा अवलम्बन गरि पूर्वाधार विकासका आयोजनाहरु जलवायु उत्थानशिल, श्रम केन्द्रित, नतिजामूखी र दीगो रुपमा विकास गर्ने नीतिलाई उच्च प्राथमिकताका साथ अवलम्वन गरिने छ ।

५०. नगरपालिका क्षेत्रमा पूर्वाधार विकासका आयोजनाहरुको कार्यान्वयन गर्दा सम्भावित वातावरणीय जोखिम तथा प्रभावको अध्ययन गरिने छ । कम तथा मध्यम जोखिम भएको योजनाको कार्यान्वयन गर्दा जोखिम न्यूनीकरणका उपायहरुको अवलम्बन गरि कार्यान्वयन गरिने छ भने उच्च जोखिम भएका योजनाहरु कार्यान्वयन गरिने छैन । सामान्यतया स्थानीय पूर्वाधारका गतिविधिहरुको कार्यान्वयन गर्दा वायो– ईन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरि योजना कार्यान्वयन गरिने छ। तर ठूला तथा नगर गौरवका आयोजनाहरुको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEA) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अनिवार्य गरिने छ।

५१. नगरपालिका क्षेत्रभित्रका बाटो, सिँचाइ कुलो, नहर, पुल, सार्वजनिक भवन लगायतका पूर्वाधारहरुको तथा खर्च भएर नजाने जिन्सी सामानहरुको लगत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) मा राखिने छ । निर्माण सम्पन्न भएका पूर्वाधारहरुको नियमित मर्मतसम्भार तथा स्तरोन्नति गर्न नगरपालिकामा रहेको मर्मतसम्भार कोषको व्यवस्थापन उच्चतम तवरले गरिने छ।

५२. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा आधा घन्टाको हिडाई दुरीभित्र पहुँच सुविधा पुऱ्याउने गरि झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइने छ।

**नगर सभाका सदस्य ज्यूहरु,**

५३. **सर्वसुलभ, समावेशी र सफा, सुरक्षित र दिगो सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्न** नगरवासीलाई सुरक्षित, गुणस्तरीय, भरपर्दो र दिगो खानेपानी तथा सरसफाइ सेवा पुऱ्याईने छ । खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र दलित समुदायको पहुँचमा प्राथमिकता दिइने छ ।

५४. स्थानीय तह र उपभोक्ताहरुको सह-लगानी हुने गरी समुदायको स्वामित्वमा आधारित खानेपानी र सरसफाइका आयोजनाहरुको एकिकृत रुपमा निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रणालीलाई अझ सुढीकरण गरिने छ । आयोजनाको सूचना सार्वजनिक गर्ने, खानेपानी गुणस्तर परीक्षण नियमित गर्ने, निगरानी प्रणाली सुदृढीकरणमा स्थानीय स्रोत साधन परिचालन गरिने छ । आपतकालीन अवस्था तथा विपद् व्यवस्थापनमा वास सेवा सुनिश्चितता गरिने छ ।

५५. विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थानहरूमा सुरक्षित वास (WASH) सेवा विस्तार गरि पूर्ण सरसफाइ उन्मुख घर, बस्ती, वडा तथा पालिका घोषणा गरिने छ । नगरपालिकाका बजार तथा बजारोन्मुख क्षेत्रका सार्वजनिक ठाउँहरु ( राडिबजार, सिमबजार चिसापानी, छरेबगर, त्रिवेणी लगायतका क्षेत्र) मा सार्वजनिक शौचालय निर्माण गरिने छ ।

५६. नगरपालिकाभित्रका सवैका लागि सफा र सुरक्षित खानेपानीको व्यवस्था मिलाउन वास योजनाको अद्यावधिक गरि सम्भाव्यता अध्ययन गरिने छ । **"एक घर एक धारा खानेपानी सुविधा"** सम्पन्न भएका वडा तथा बस्तीहरुलाई पूर्ण सरसफाइ नगर उन्मुख बनाउने कार्यलाई निरन्तरता दिइने छ । "एक घर एक धारा निर्माण अभियान"लाई निरन्तरता दिई नगरपालिका क्षेत्रभरी विस्तार गरिने छ । यसैगरी यस आठविसकोट नगरपालिकामा ग्रामिण खानेपानी सेवा सहायता केन्द्र स्थापना तथा सञ्चालन गरिने छ । नगरपालिका क्षेत्रभित्रका सबै खानेपानी योजनाहरुमा "इनलाइन क्लोरिनेशन" जडान गरि सुरक्षित खानेपानीको सुनिश्चितता गरिने छ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

५७. जनआन्दोलन, १० वर्षे शसस्त्र संघर्षको क्रममा ज्यान गुमाउने महान सहिदहरुलाई सम्मान गर्दै घाइते तथा अपाङ्गता भएका व्यक्तिको नि:शुल्क स्वास्थ्य उपचार, सीप विकास, संरक्षण तथा सहिद/वेपत्ता/घाइते परिवारका लागि **"जीवननिर्वाह भत्ता सम्बन्धी कार्यक्रम" लाई** निरन्तरता दिइने छ ।

५८. लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक मुलप्रवाहिकरणमा सहभागिता वृद्धि गर्ने नीतिलाइ प्रोत्साहन गरिने छ । नगरपालिका क्षेत्रमा सञ्चालित आयोजना तथा कार्यक्रममा महिला, दलित, जनजाति, अपाङ्गता, लक्षित वर्गका समुदायको सहभागिता सुनिश्चित गरिनेछ । नयाँ संरचना बनाउँदा अपाङ्गता मैत्री बनाईने छ । अपाङ्ग पुन:स्थापनाका लागि भवन निर्माण गरिने छ ।

५९. **लैगिक हिंसा विरुद्ध शुन्य सहनशीलताको** नीति अवलम्वन गरिने छ । लैगिंक समानता र सामाजिक समावेशीकरण रणनीतिको अद्यावधिक गरी कार्यान्वयनमा ल्याईने छ । वार्षिक रुपमा नगरपालिकाको नीति, कार्यक्रम र बजेटमा लैगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्ने व्यवस्था मिलाईने छ । समाजमा पछाडी परेका वर्ग समुदायको विकासमा मुलप्रवाहीकरणका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ । लैंगिक तथा घरेलु हिंसा न्युनिकरणा गर्न **"महिलासँग नगर उपप्रमुख कार्यक्रम" सञ्चालन** गरिने छ ।

६०. असल सामाजिक मुल्य मान्यताको संरक्षण एवं सम्वर्द्धन गरिने छ । बालबिबाह गर्ने/गराउने दुवैलाई कानुनको कठघरामा उभ्याइने छ । बालविबाह, बहुविबाह, दाइजो, बोक्सीको आरोप, छुवाछुत एवं अन्य सामाजिक कुरीति

अन्त्य गर्न विशेष सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ । टुहुरा, अनाथ एवं संरक्षणविहिन बालबालिकालाई वैकल्पिक संरक्षणका लागि उचित व्यवस्थापन गर्न पहल गरिने छ।

६१. अपाङ्गता भएका व्यक्तिलाई सीपमुलक एवं व्यवसायिक तालिम मार्फत रोजगारीमा जोड दिइने छ। अपाङ्गता भएका व्यक्तिलाई नगरपालिका तथा वडा कार्यालयबाट हुने सिफारिसमा नगर कार्यपालिकाले निर्णय गरि छुट दिने नीति लिइने छ।

६२. ज्येष्ठ नागरिक आफ्नै सन्तानबाट अपहेलित, घृणित, दुर्व्यवहारले जोखिममा रहेको हुँदा समाजमा रहेका ज्येष्ठ नागरिकलाई सम्मानपूर्वक वातावरणमा जीउने अवस्था सुनिश्चित गर्न अन्तरपुस्ता सीप हस्तान्तरण लगायतका चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

६३. सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज बनाउन सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको बायोमेट्रिक मार्फत अभिलेख राखिने छ। व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई घरबाटै अनलाईन मार्फत दर्ता गर्न सक्ने गरि विकास गरिने छ।

६४. सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गरी जनताको घर दैलोबाट बैंकिङ्ग सेवा मार्फत वितरण गर्न उपयुक्त ठाउँमा बैंकका काउण्टरको स्थापना गर्नुका साथै नगरपालिकाका दुर्गम वडाहरुमा बैंकसँगको साझेदारीमा वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता वितरण गर्न आवश्यक पहल गरिने छ।

६५. राष्ट्रिय परिचय पत्रलाई सार्वजनिक सेवा प्रवाह र विकास व्यस्थापनको आधारको रुपमा प्रयोग गरिएको सन्दर्भमा १४ वटै वडाहरुमा राष्ट्रिय परिचय पत्र शिविर सञ्चालन गरि पञ्जिकरण शाखाबाट नै राष्ट्रिय परिचय पत्र वितरण गर्ने कार्यको सुरुवात गरिने छ।

**<u>नगर सभाका सदस्य ज्यूहरु,</u>**

६६. आठविसकोट नगरपालिकाका व्यापार व्यावसायहरुलाई एकिकृत दर्ता तथा नविकरणको दायरामा ल्याइने छ । नगरपालिकामा गठन भएका महिला, दलित तथा अन्य लक्षित वर्ग विशेषको समूह, सहकारी तथा संस्था दर्ता नविकरणमा **५० प्रतिशत छुट दिने** नीतिलाई निरन्तरता दिइने छ।

६७. आठविसकोट नगरपालिकामा स्थापना रहेका उद्योगहरुको अनुगमन, मुल्याङ्कन गरी प्राप्त प्रतिवेदनका आधारमा सञ्चालन वा खारेज गर्ने नीति लिइने छ । उपभोक्ता हित संरक्षणलाई ध्यानमा राखी व्यापरीहरुलाई समेत सचेत गराउनको लागि नियमित रुपमा नगरपालिकाको मुख्य बजार क्षेत्रको बजार अनुगमनलाई निरन्तरता दिइने छ।

६८. उत्पादन, उत्पादकत्व र रोजगारीका लागि पुनर्निर्माणमा आधारित सिप विकास तालिम, उद्योग व्यवसाय विकास र विस्तार गर्नका निमित्त गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने छ । नगरपालिकाको श्रमदान सम्बन्धी कार्यविधिको कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माण गरि श्रमदान गर्ने संस्कृतिको सुरुवात गरिने छ।

६९. श्रमिकलाई उचित र मर्यादित श्रम अभ्यास गर्ने हक सुनिश्चित गर्न रोजगार बैंकको स्थापना गरी रोजगारी सम्बन्धी सूचनाको एकिकृत अभिलेख तयार गरिने छ। श्रम बजारमा उपलब्ध रोजगारीको अवसर तथा जनशक्तिको माग र आपूर्तिलाई स्वचालित प्रणालीमा आवद्ध गरिने छ। वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित गरिने छ। वैदेशिक रोजगारीलाई थप ब्यवस्थित गर्न गन्तब्य मुलुकमा अलेखबद्ध श्रमिकको दर्ता गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिने छ। वैदेशिक रोजगरीबाट फर्किएका नागरिकको ज्ञान, सीप, र पूँजी मार्फत उद्यमशीलता प्रवर्द्धन गरिने छ।

७०. डिजिटल नगरपालिकाको अवधारणा अनुरुप डिजिटल गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइने छ । सूचना प्रविधिको प्रयोग गरि सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन एकिकृत सूचना प्रणाली निर्माण गरिने छ। सूचना प्रविधिको क्षेत्रमा कार्यरत जनशक्तिको लागि नवप्रवर्तनमा आधारित प्रोत्साहनका कार्यक्रम ल्याइने छ । नगरपालिकाका बजार तथा घनाबस्ती क्षेत्रमा सि.सी.टिभी जडान गरिने छ । नगरपालिकाका सुचना प्रवाह गर्न एकिकृत कार्य सञ्चालन गृह सञ्चालन गरिने छ।

७१. न्यायिक प्रणालीमा लैङ्गिक समानता, जातीय विविधता र कमजोर वर्गलाई न्यायमा पहुँच अभिवृद्धि गरिने छ। साथै न्यायीक समितिको संस्थागत क्षमता सुधार गरी न्यायमा पहुँच कायम गर्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ।

७२. **<u>“कानुन सबैका लागि बराबर</u>"** भन्ने मान्यतालाई आत्मसात गरी न्यायीक समितिबाट सम्पादन हुने न्याय सम्पादन प्रकृयालाई छिटोछरितो, निष्पक्ष र प्रभावकारी बनाईने छ । साथै, प्रत्येक वडाहरुमा गठन भई सञ्चालनमा आएका मेलमिलाप केन्द्रलाई प्रभावकारी रुपमा चलायमान बनाइने छ ।

७३. संविधान र कानुनले स्थानीय तहमै न्याय पुर्‍याउने व्यवस्था गरेकोले सर्वसाधारण, विशेष गरी महिला, दलित, जेष्ठ नागरिक जस्ता कमजोर समुहहरुका लागि न्याय प्रणाली सहज बनाउने र समुदायमा न्याय सुनिश्चित गर्ने, पहुँच सहज बनाई सामाजिक सद्भाव सुदृढ पारिने छ।

७४. नगरपालिकाको केन्द्रमा नवनिर्मित आठविसकोट बसपार्क प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गरिने छ । सवारी साधनहरुलाई बसपार्कमा पार्किङ गर्ने र बसपार्कबाट मात्रै बस छुट्ने कार्यलाई कडाईका साथ लागू गरिनेछ । नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका अटोरिक्सा तथा अन्य सवारी साधनको नयाँ भाडादर निर्धारण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

७५. आठविसकोट नगरपालिका क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको प्रभावकारी रुपमा स्थलगत अनुगमन गरी निस्कृय तथा समस्याग्रस्त सहकारी संस्थाहरुको कानूनी प्रकृया पुरा गरी विघटन, एकिकरण तथा खारेजी गरिने छ।

७६. नगरपालिकाको कार्यक्षेत्र भित्र पर्ने सहकारी संस्थाहरुलाई कोपोमिस (COPOMIS) प्रणालीमा आवद्धता गराईने छ । सबै सहकारी संस्थाको क्षमता विकास गर्न प्रवर्द्धन, अनुशिक्षण र अनुगमन प्रणालीलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

**<u>नगर सभाका सदस्य ज्यूहरु,</u>**

७७. "विपद्को सारथी नगर सरकार" भन्ने नारालाई कार्यान्वयनमा ल्याइने छ । विपद्को उच्च जोखिमता र मनसुनजन्य विपद्लाई मध्यनजर गरी नगरपालिका क्षेत्रभित्र आइपर्न सक्ने विपद्को उद्दार कार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न चौविसै घण्टा सम्पर्क र परिचालन हुने गरी आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) लाई जनशक्ति थप गरी व्यवस्थित गर्ने।

७८. विपद्का लागि आवश्यक राहत तथा उद्दारका सामग्री व्यवस्थापन गर्न प्रकोप व्यवस्थापन कोषलाई व्यवस्थित गरिने छ । विपद्को समयमा तत्काल खोज तथा उद्दार कार्यलाई व्यवस्थित गर्न उद्दारका सामाग्रीहरु खरिद गरिने व्यवस्था मिलाइने छ । विपद् जोखिमका घटनाहरु घट्न नदिन जनचेतना र सन्देशमूलक कार्यक्रमहरु उत्पादन गरी अनलाईन, छापा प्रकाशन, रेडियो र टेलिभिजनबाट प्रशासन गरिने छ।

७९. **"दिगो वन, समृद्ध जीवन"** भन्ने मूल नारालाई आत्मसात गरि खुला सार्वजनिक स्थल तथा सडक छेउछाउमा वृक्षारोपण गरि हरियाली प्रवर्द्धन गरिने छ। पानीका स्रोतहरु, संवेदनशील एवं संकटासन्न र जोखिममा रहेका स्थानहरुमा

वृक्षारोपण गर्ने, मुहान संरक्षण गरी व्यवस्थित खानेपानी तथा सिँचाइको व्यवस्थापन गरिने छ । संघ र प्रदेश सरकारको समन्वय तथा सहकार्यमा जडिवुटि प्रशोधन केन्द्र स्थापना गरिने छ ।

८०. नगरपालिकाको प्रमुख बजार क्षेत्रको रुपमा रहेको राडीबजार र सिमबजार क्षेत्रको फोहर व्यस्थापन गर्न उपयुक्त स्थानमा ल्याण्डफिल साइटको निर्माण गरि सञ्चालन गरिने छ ।

८१. नगरपालिकाले जलविद्युतको क्षेत्रमा लगानी गरी सबै नगरवासी घर परिवारलाई **शेयर होल्डर** बनाउने कार्यको थालनी गर्नको लागि **स्यार्पु हाइड्रो कम्पनीमा** नगरपालिकाको तर्फबाट लगानी गरिने छ ।

८२. नगरपालिकालाई प्राकृतिक, साँस्कृतिक, साहसिक पर्यटनको सुरक्षित र आकर्षक गन्तव्यको रुपमा विकास गरिने छ । योग/ध्यान मार्फत सकारात्मक सोंचको अभिवृद्धि गरि चित्रिपाटन क्षेत्रलाई आरोग्य र ध्यान पर्यटनको रुपमा विकास गरिने छ । चित्रीपाटन, सम्पेताल, साइकुमारी, काँडा दह, मैडाडा, बन्चरे, लामकाने गुफा, साततले गुफा लगायतका स्थानलाई पर्यटकीय क्षेत्रको  रुपमा विकास गरिने छ ।

८३. नगरपालिका भित्रको परम्परागत धर्म, मौलिक कला, संस्कृति, साहित्य र इतिहासको संरक्षण तथा प्रवर्द्धन गर्ने व्यवस्था मिलाइने छ । लोक गीत तथा लोक नाच जस्ता परम्परागत भाका तथा शैली हाम्रा अमूल्य सम्पति भएकाले बचाइ राख्न आवश्यक  व्यवस्था मिलाइने छ । नगरपालिका भित्र मनाइने पर्व, मेला, जात्रा, महोत्सव जस्ता साँस्कृतिक तथा धार्मिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ । नगरपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र पर्यटकीय संभावना बोकेका क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी पर्यटकीय स्थलको विकास गर्न पहल गरिने छ ।

८४. श्रम गर्ने संस्कृतिको विकास गर्दै श्रमको सम्मान गर्ने परिपाटीको विकास गरिने छ । योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई अनिवार्य गरिने छ । सामाजिक सुरक्षा कोषको दायरालाई विस्तार गरि श्रम साझेदारी कार्यक्रम लागू गरिने छ ।  अनौपचारिक क्षेत्रमा रहेका मजदुरहरुलाई पनि क्रमश: सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै लगिने छ ।

८५. युवाहरुको शारिरिक र मानसिक विकासको लागि नियमित खेलकुद सञ्चालन र प्रतियोगिताहरु आयोजना गरिने छ । नगरपालिका र खेलकुद सँघसँगको सहकार्यमा विभिन्न प्रतियोगिताहरु सञ्चालन गरिने छ । विद्यालय तहदेखि खेलकुद तालिम र प्रशिक्षक र खेलाडी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ । खेलकुद पूर्वाधार निर्माणका लागि आवश्यक व्यवस्था मिलाईने छ । राष्ट्रिय स्तरका खेलाडीलाई स्वास्थ्य विमामा जोडिने छ ।

८६. किशोरकिशोरीलाई लागूऔषध दुर्व्यसन, आत्महत्या नियन्त्रण र साइबर अपराधबाट मुक्त राख्दै समाजमा घट्ने अपराध नियन्त्रण गर्न आवश्यक कार्यहरु गरिने छ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

८७. **"सार्वजनिक प्रशासन विकास, सुशासन र समृद्धि प्राप्तिको संयन्त्र हो"** भन्ने  मान्यताका साथ सार्वजनिक प्रशासनलाई जवाफदेही, उत्तरदायी, नतिजामूलक, नगरपालिका र  नागरिकप्रति वफादार, नागरिक मैत्री, सुशासन युक्त र विश्वसनीय बनाउन शासकीय सुधारका कार्यक्रम सञ्चालन गरिने छ ।

८८. सार्वजनिक खर्चमा मितव्ययिता र अनुत्पादक खर्चमा कटौती गर्दै विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तिय अनुशासन कायम गर्न वित्तिय सुधारका कार्यक्रम सञ्चालन गरिने छ । प्राथमिकता विना बजेट विनियोजन हुने प्रवृत्तिलाई अन्त्य गर्न मागको आधारमा नभई आवश्यक्ताको आधारमा बजेट विनियोजन गर्ने नीति अख्तियार गरिने छ ।  लगानी गर्दा प्रतिफल प्राप्त हुने कुरालाई सुनिश्चित गरिने छ । आन्तरिक र अन्तिम लेखा परिक्षण कार्य प्रभावकारी रुपमा गराइने छ । समयमा नै बेरुजु फछर्यौट गर्ने कार्यलाई कडाईका साथ लागू गर्नुका साथै बेरुजु फछर्योट कार्यविधि बनाई शुन्य बेरुजुमा लैजान पहल गरिने छ।

८९. नगरपालिकाको संगठन संरचनाको पुनरावलोकन गरी स्वीकृत दरवन्दी भित्र लोकसेवा आयोगबाट स्थायी हुने पदमा अनिवार्य रुपमा प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग गरिने छ र पदपूर्ति हुन नसकेको अत्यावश्यक पदहरूमा मात्र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम करारमा कर्मचारी नियुक्त गरिने छ। नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मापन गरी करार कर्मचारी व्यवस्थापन गरिने छ। नगरपालिका क्षेत्रमा कार्यरत करार कर्मचारीको सेवा सुविधामा तहगत रुपमा एकरुपता कायम ल्याइने छ।

९०. जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी एवम् नगरवासीमा समेत जीवन व्यवस्थापन कला, काम तथा जीवन विचको सन्तुलन एवम् सदाचारयुक्त स्वस्थ जीवनयापनलाई लक्षित गरी योग ध्यान, तनाव व्यवस्थापन तथा सकारात्मक सोंच सम्बन्धी कार्यक्रम सन्चालन गरिने छ।

९१. **"समृद्ध गाउँ सहरको रहर: स्वस्थ, सफा, शासनयुक्त, समन्यायीक र समाजवादउन्मुख आठविसकोट नगर" आदर्श वाक्यलाई** सफल पार्न नगरपालिकाको गुनासो सुनुवाई प्रणालीको सुदृढिकरण गरी सेवा प्रवाहका सन्दर्भ प्राप्त हुन आएका सुझाव सल्लाह एवं गुनासो र उजुरी सुनुवाईको व्यवस्था तथा सेवा प्रवाहको जानकारी गराउन गुनासो व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरिने छ।

९२. राज्यको चौथो अंग मानिएको आमसञ्चार तथा पत्रकारिताको क्षेत्रमा विकास र सहकार्यमा विशेष ध्यान दिइने छ। नगरपालिकाको समग्र विकास र गतिविधिको वारेमा स्थानीय तथा राष्ट्रिय स्तरका अनलाईन तथा छापा माध्यम र स्थानीय एफ.एम. रेडियोहरुबाट जानकारी गराई पारदर्शिता अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

९३. सार्वजनिक खरिद प्रक्रियालाई थप व्यवस्थित गर्न सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम खरिद गुरुयोजना तयार गरी कार्यान्वयन गरिने छ। सार्वजनिक निर्माणका कार्यहरु तोकिएको समयमा नगरी निर्माण कार्य अलपत्र पार्ने निर्माण व्यवसायीसँगको ठेक्का सम्झौताहरु सार्वजनिक खरिद ऐन / नियमावली अनुसार रद्द गरि कालोसुचीमा राख्न सिफारिस गर्ने नीति लिइने छ।

९४. नगरपालिकाको कार्यसम्पादनलाई छिटो छरितो, पारदर्शी, गुणस्तरीय र प्रविधिमैत्री बनाउँदै भ्रष्टाचार विरुद्ध कठोर कदम चालिने छ। सिर्जनशीलतालाई प्रोत्साहन, उत्कृष्टलाई पुरस्कार र खरावलाई दण्डको मान्यता अनुरुप उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्रसेवक, शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिलाई सम्मान तथा पुरस्कृत गरिने छ। कार्यसम्पादनलाई परिणाममुखी बनाउन कार्यसम्पादन करार सम्झौता गरी सुचकहरुको आधारमा मुल्याङ्कन गर्ने व्यवस्था मिलाईने छ।

९५. नगरपालिकाको कार्य सञ्चालनका लागि आवश्यक पर्ने थप कानूनहरु निर्माण गर्नुका साथै यस अघि निर्माण गरेका कानुनहरुको संशोधन तथा प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ।

९६. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA),** स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन **(FRA)** तथा स्थानीय आर्थिक विकास मूल्याङ्कन **(LED)** प्रणाली र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको मुल्याङ्कन पद्धति अवलम्वन गर्ने नीतिलाई थप व्यवस्थित गरिने छ।

९७. सबै वडाहरुमा प्रशासनिक तथा पुँजीगत बजेट निश्चित मापदण्डको आधारमा विनियोजन गरिने छ। दामासाही किसिमले बजेट विनियोजन गर्ने प्रवृत्तिलाई अन्त्य गरिने छ। संघ र प्रदेश सरकारबाट विनियोजित बजेटमा दोहोरो पर्ने किसिमले बजेट विनियोजन गरिने छैन। वडागत बजेट विनियोजनको मापदण्डमा वडाको आन्तरिक राजस्व क्षमता र राजस्व संकलन गर्न गरेको प्रयासलाई पनि समावेश गरिने छ।

९८. आन्तरिक राजस्वको दायरा फराकिलो गरि राजस्वको विविधिकरण एवम् विस्तारीकरणमा जोड दिइने छ। प्रगतिशील करको सिद्धान्त अनुसार करको दर र दायरा निर्धारण हुने नीति अवलम्बन गरिने छ। नगदी रसिदलाई प्रतिस्थापन गरि

प्रविधिको प्रयोगबाट राजस्व संकलन गर्ने नीति लिइने छ। स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) तथा स्थानीय तह करदाता पोर्टलको प्रयोग गरी करदाताले **घरैबाट राजस्व तिर्ने** व्यवस्था मिलाइने छ। करदाता शिक्षा, करदाता सम्मान कार्यक्रम सञ्चालन गरिने छ।

९९. नदि तथा खानिजन्य पदार्थमा लाग्ने दहत्तर बहत्तर कर संकलनका लागि प्रारम्भिक वातावरणीय प्रभाव मूल्याकन गरी वोलपत्र आव्हान गर्ने व्यवस्था मिलाइने छ। नगरपालिका क्षेत्रभित्र जथाभावी नदी तथा खानीजन्य पदार्थको उत्खननलाई निरुत्साहित गरिने छ।

१००. आठविसकोट नगरपालिकामा कार्यक्षेत्र बनाइ काम गर्ने सम्पूर्ण गैरसरकारी संघ संस्थाहरुले आफ्नो बजेट तथा कार्यक्रम अनिवार्य रुपमा नगर कार्यपालिकाबाट स्वीकृत गराई नगर सभाबाट अनुमोदन गराएर मात्र कार्यान्वयन गर्नुपर्ने बाध्यकारी व्यवस्था लागू गरिने छ।

१०१. शान्ति सुरक्षालाई थप मजबुद बनाउन नगरपालिकाको क्षेत्राधिकारका कार्यक्रम कार्यान्वयनमा नगर प्रहरीको भूमिका थप गरी नागरिक सुरक्षा, न्यायिक समितिका निर्णय कार्यान्वयन, सार्वजनिक सम्पत्तिको सुरक्षा, राजस्व संकलन तथा विपद् व्यवस्थापन र विकास निर्माणमा समेत नगर प्रहरी परिचालन गरिने छ।

**उपस्थित नगर सभाका सदस्य ज्यूहरु,**

१०२. **अन्त्यमा,** यो नीति तथा कार्यक्रम निर्माणमा महत्वपूर्ण सल्लाह, सुझाव र परामर्श गर्नुहुने अग्रज व्यक्तित्वहरु, नगर कार्यपालिका र नगरसभाका सदस्यहरु, सबै राजनैतिक दल एवम् तिनका भातृ सङ्गठनका प्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, बुद्धिजिविहरु, सुरक्षाकर्मीहरु, नीजि क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत सबैमा हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछु।

मिति : २०८२/०३/१० गते

----------------- धन्यवाद -------------